नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
सं.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक २०५ | २०७९ साल चैत ३ गते शुक्रबार | (17 Mar. 2023 Friday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : उपराष्ट्रपति पदको निर्वाचनेका... ३ पृष्ठमा : नेपालकै सर्वाधिक धनराशी.. ३ पृष्ठमा : 'आर्थिक समस्याका कारण ...

## आगलागिमा चार हजार कुखुरा मर्दा १६ लाख मुल्य बराबरको क्षति



**दैनिक समाचारदाता राजविराज, २ चैत ।**
सप्तरीको महदेबा गाउँपालिका २ स्थित एउटा कुखुरा फर्ममा आइतबार राती अचानक आगलागि हुँदा ४ हजार कुखुरा जलेर मरेका छन् ।

महदेबा टोल निवासी सन्जिव माझीले संचालन गरेको संगिता कृषि तथा पशुपंक्षी फर्ममा अचानक आगलागि हुँदा १६ लाख मुल्य बराबरको क्षति भएको पीडितले जनाएका छन् ।

आगो नेपाल प्रहरी र स्थानियबासिको सहयोगमा पुर्ण रुपमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता आगलागीको कारण भने खुल्न नसकेको र सो बारे अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता नरेश कुमार सिंहले जानकारी दिए ।

यसैबीच प्रदेशसभा सदस्य सतिशकुमार सिंहले आगलागि भएको स्थानको बिहीबार निरिक्षण गरेका छन् । उनले आगलागिका घटनाप्रति दुःख व्यक्त गर्दै क्षतिपूर्तिका लागि नियमसम्वत आफूले पहल गर्ने प्रतिबद्धता समेत जनाए ।

उनले जिल्लामा दिनहु भइरहेका आगलागिका घटनाहरुप्रति दुःख व्यक्त गर्दै त्यस्ता घटनाप्रति सचेत रहन जिल्लावासीलाई अपिल पनि गरे ।

## बहिनीसँगै सुतेकी दिदीले गरिन आत्महत्या



**दैनिक समाचारदाता राजविराज, २ चैत ।**
सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा बुधवार राती एक किशोरीले झुण्डिएर आत्महत्या गरेकी छिन् ।

सो नगरपालिका वडा नं. १४ निवासी ब्रह्मदेव मुखियाकी १८ वर्षिया छोरी आशा कुमारीले कोठामा झुण्डिएर आत्महत्या गरेकी हुन् ।

१२ वर्षिय बहिनी अञ्जलीसँगै एउटै कोठामा सुतेकी आशा घाटीमा शलको पासो लगाई कोठाको बाँसको वलोमा झुण्डिएको अवस्थामा राती १ बजेतिर फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

खाना खाएर दिदीसँगै एउटै ओछ्यानमा सुतेकी बहिनी अञ्जलीले दिदी कहिले उठेर झुण्डिएर आत्महत्या गरिन भन्ने चाल नै पाईनन् । राती १ बजेतिर कुनै कामले आमा ढोका खोल्न आईपुगे पछी मात्र उनले सो बारे थाहा पाएको प्रहरीको भनाई छ । राती अचानक आमाले ढोका खोल भन्दै चिच्याएपछी जागेकी उनले ढोका खोलेकी थिइन । त्यसपछि मात्र उनले दिदी झुण्डिएको अवस्थामा देखेको बताईन ।

घटनाबारे खबर पाए लगतै प्रहरी चौकी रम्पुरा महलनियाबाट पुगेको टोलीले परिवारजनसँग सोधपुछ तथा घटना स्थल मुचुल्का लगायतका प्रक्रिया पुरा गरी मृतकको शव पोस्टमार्टमका लागी स्थानीय गजेन्द्र नारायण सिंह असपताल पठाइ घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ ।

## लडेर घाइते भएका यूवकको उपचारका क्रममा मृत्यु

**दैनिक समाचारदाता राजविराज, २ चैत ।**
सप्तरीको सप्तकोशी नगरपालिका ८ बलारदहस्थित एक युवकको लडेर घाइते पश्चात् उपचारका क्रममा बुधबार मृत्यु भएको छ ।

प्रहरीका अनुसार सो नगरपालिका मंगल हटिया निवासी २२ वर्षिय श्रीकान्त दास आफ्नै घरको गेट बाहिर लडेर घाइते भएका थिए ।

अचेत अवस्थामा उनलाई स्थानिय मेडिकलमा लगि सामान्य उपचार पश्चात थप उपचारका लागि स्थानिय स्वास्थ्य चौकी फत्तेपुरमा भर्ना गरिएकोमा सोही स्वास्थ्य चौकीमा उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

## ट्रक र विङगर एक आसपामा ठोकिदा १४ जना घाइते, दुईको अवस्था गम्भिर

**दैनिक समाचारदाता राजविराज, २ चैत ।**
सप्तरीको रुपनि गाउँपालिका ६ जगमोहनस्थित पुर्व पश्चिम राजमार्गमा आइतबार साँझ ट्रक र विङगर एक आसपामा ठोकिदा १४ जना घाइते भएका छन् भने दुईको अवस्था गम्भिर छ ।

पश्चिमबाट पुर्वतर्फ जाँदै गरेको ना.४ख. २६०८ नं. को ट्रक र विपरित दिशातर्फ आउदै गरेको बा.०१-०२८च.२२१५ नम्बरको विङगर एक आपसमा ठोकिएको हो ।

सो दुर्घटनामा घाइते हुनेहरुमा विङगर चालक सिरहा २४ मनहरबा बस्ने दिलिप कुमार राम, सोही जिल्ला सुखिपुर राकेश प्रसाद साह, उनको श्रीमती पिंकी कुमारी साह, ५ वर्षिय छोरा युमान साह, साली शितल कुमारी साह, लहान १ बस्ने गणेश साह, ६ वर्षिय छोरा अवास साह, रमेश कुमार साह, निजको श्रीमती मुनि देवि साह, पर्सा बिरगंज ३ बस्ने राकेश कुमार गुप्ता, निजको श्रीमती अभा देवी गुप्ता, भारतको सितागढी बस्ने रोशन साह, लहान ८ सुखिपुर बस्ने उमेश साहकी छोरी आरती कुमारि साह, राकेश साहको छोरा ८ वर्षिय छोरा आरभ कुमार साह घाइते भएको प्रहरीले जनाएको ।

घाइते मध्ये आवास साह र रमेश कुमार साहको अवस्था गम्भिर रहेकोले थप उपचारका लागि बिराटनगरस्थित न्युरो अस्पताल लगिएको तथा अन्यहरुको युनिक अस्पताल रुपनीमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

ट्रक तथा चालक सुनसरी ईटहरी ११ सिमरवना निवासी बिसाल खा र विङगरलाई ईलाका प्रहरी कार्यालय रुपनीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**बोदेबरसाइन नगरपालिका, सप्तरी**

## सम्पादकीय

### दुर्घटना न्युनिकरणतर्फ अझै केन्द्रित होऔं

सप्तरीमा अहिले दिनहुँ सवारी दुर्घटना बढ्दै गइरहेको छ । प्रहरीले दुर्घटना न्युनिकरणका लागि जनचेतना फैलाउने कार्य गरे पनि दुर्घटना न्युनिकरण हुन सकिरहेको छैन् । हुन त दुर्घटना भनेकै भवितब्य हो । यो कसैलाई भनेर वा जानी जानी हुने होइन् । यसका लागि आफै सचेत हुनु आवश्यक छ । तर, कहिले काँही आफू सचेत रहँदा रहँदै पनि अचानक दुर्घटना हुन पुग्छ । बाटोघाँटोको समस्या त छदै छ त्यसमा पनि राम्रो बाटो हुने स्थानमा चालकको लापरवाहीका कारण बढी दुर्घटना हुने गरेको पाइएको छ ।

अहिले जिल्लाका अधिकांश सडकहरु निर्माण वा मर्मतका क्रममा रहेका छन् । त्यसमा पनि निर्माण भइसकेका सडकहरुमा बढी दुर्घटना हुने गरेको छ । मोटरसाइकलमा तीन जना सवार भएको दुर्घटना भएको सुन्न पाइन्छ । यी बाहेक बढी सवारी दुर्घटना अत्याधिक गतिका साथै मोवाइलमा कुरा गर्दै तथा मादक पदार्थ सेवन गरि चलाउने गरेको पाइएको छ ।

तसर्थ सवारीको गति नियन्त्रणदेखी लिएर आफ्नो साइडमा चलाउन सकिए दुर्घटनाबाट जोगिन सकिन्छ । यसका लागि सवारीसाधन चलाउँदा चालक आफै सयमित हुनुका साथै सचेत पनि हुनु अति आवश्यक छ ।

# उपराष्ट्रपति पदको निर्वाचनको तयारी पूरा, शुक्रबार मतदान

काठमाडौँ, २ चैत (रासस) ।

उपराष्ट्रपति पदको निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको छ । नयाँ बानेश्वरस्थित सङ्घीय संसद् भवनमा शुक्रबार उपराष्ट्रपतिका लागि मतदान हुँदैछ । संसद् भवनको ल्होत्से हलमा दुई मतदान केन्द्रको व्यवस्था गरिएको छ ।

बिहान १० देखि अपराह्न ३ बजेसम्म मतदानको व्यवस्था मिलाइएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । "निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको छ", सहायक निर्वाचन अधिकृत अमृताकुमारी शर्माले भन्नुभयो, "मतपत्र पनि केन्द्रमा आइसकेको छ ।" सङ्घीय संसद्का सदस्य र प्रदेशसभा सदस्यका लागि छुट्टाछुट्टै मतदान केन्द्रको व्यवस्था गरिएको छ । सङ्घीय संसद्का सदस्यले संसद् भवनको मूल गेटबाट प्रवेश गरेर मतदान गर्नुहुनेछ भने प्रदेशसभाका सदस्यले बगैँचा तर्फको हरियो गेटबाट प्रवेश गरेर मतदान गर्ने व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभयो ।

निर्वाचन आयोगले उपराष्ट्रपति निर्वाचन, २०७९ का लागि दुई प्रकारको मतपत्रको व्यवस्था गरेको छ । सङ्घीय संसद्का सदस्यले मतदान गर्ने प्रयोजनका लागि रातो मसी र प्रदेशसभा सदस्यले मतदान गर्ने प्रयोजनका लागि हरियो मसीले मतपत्र छपाइ गरिएको छ । मतपत्रमा उम्मेदवारको तस्बिर र नाम समावेश गरिएको छ । उपराष्ट्रपतिको निर्वाचनमा अष्टलक्ष्मी शाक्य (बोहरा), प्रमिला कुमारी, ममता झा र रामसहायप्रसाद यादव गरी चार उम्मेदवार हुनुहुन्छ ।

सङ्घीय संसद् र प्रदेशसभाका सदस्यले मतपत्रमा रहेका कुनै एक उम्मेदवारको तस्बिर र नाम अङ्कित रहेको कोठामा स्वस्तिक छाप लगाई मत सङ्केत गर्नुपर्नेछ । उपराष्ट्रपतिको निर्वाचनमा सङ्घीय संसद् र प्रदेशसभाका सदस्य मतदाता रहेका छन् । सङ्घीय संसद् सदस्यको मतभार ७९ र प्रदेशसा सदस्यको मतभार ४८ रहेको छ ।

मतदान सम्पन्न भएलगत्तै मतगणना सुरु गर्ने तयारी गरिएको सहायक निर्वाचन अधिकृत शर्माले जानकारी दिनुभयो । "मतदानपश्चात् तत्काल मतगणना हुन्छ", उहाँले भन्नुभयो, "साँझ ६ बजेसम्म निर्वाचन परिणाम सार्वजनिक गर्ने तयारी गरेको छौँ ।" उपराष्ट्रपतिको निर्वाचनमा सङ्घीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा)का सदस्य र प्रदेशसभाका सदस्य मतदाताका रुपमा रहेको छन् । उपराष्ट्रपतिको निर्वाचन सङ्घीय संसद्का सदस्य र प्रदेशसभा सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुनेछ । सङ्घीय संसद्का तीन सय ३२ र प्रदेशसभाका पाँच सय ५० सांसदले मात्र निर्वाचनमा मतदान गर्न पाउँछन् ।

नेपालको संविधानको धारा ६७ मा नेपालमा एक उपराष्ट्रपति हुने व्यवस्था गरिएको छ । राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिबाट गरिने कार्य उपराष्ट्रपतिबाट सम्पादन गरिने संविधानमा उल्लेख छ । निर्वाचन, मनोनयन वा नियुक्ति हुने राजनीतिक पदमा बहाल रहेको कुनै व्यक्ति उपराष्ट्रपतिको पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वतःरिक्त हुने संवैधानिक प्रावधान छ । उपराष्ट्रपतिको पदावधि पाँच वर्षको हुनेछ ।

नेपालको संवैधानिक प्रावधानअनुसार उपराष्ट्रपतिको तेस्रो निर्वाचन हुन लागेको हो । मुलुक सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थामा प्रवेश गरेपछि पहिलो उपराष्ट्रपतिको निर्वाचन भएको थियो । पहिलो उपराष्ट्रपतिमा परमानन्द झा निर्वाचित हुनुभएको थियो । दोस्रो निर्वाचनबाट उपराष्ट्रपतिमा नन्दबहादुर पुन निर्वाचित हुनुभएको थियो ।

# 'स्वास्थ्य क्षेत्रलाई प्राथमिकताका साथ हेर्नुपर्छ'

काठमाडौँ, २ चैत (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले स्वास्थ्य क्षेत्रलाई प्राथमिकताका साथ हेर्नुपर्ने बताउनुभएको छ ।

राष्ट्रिय सरोकार तथा समन्वय समितिद्वारा बिहीबार आयोजित 'स्वास्थ्य क्षेत्रको समग्र सुधार'सम्बन्धी छलफल कार्यक्रममा सचिव पोखरेलले स्वास्थ्य क्षेत्रमा जनशक्ति व्यवस्थापन गर्न प्रमुख कठिनाइ रहेकाले सेवासुविधामा वृद्धि गरी दुर्गम क्षेत्रमा जनशक्तिलाई टिकाउन स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्न जरुरी रहेको बताउनुभयो ।

"जनशक्ति व्यवस्थापन हुन नसक्नु प्रमुख समस्या हो । सबै कर्मचारी केन्द्रित हुन चाहन्छन् । दुर्गम क्षेत्रमा कर्मचारी जान नमान्दा स्वास्थ्य सेवा प्रवाहमा समस्या देखा परेको छ", सचिव पोखरेलले भन्नुभयो ।

स्वास्थ्य क्षेत्रका जनशक्ति चौबिसैँ घण्टा तयार रहनुपर्ने भएकाले स्वास्थ्य क्षेत्रको समग्र सुधारका लागि दुर्गम क्षेत्रमा कर्मचारीको आकर्षण बढाउन पारिश्रमिकलगायत अन्य सुविधालाई प्राथमिकतामा राख्नुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा समितिका सभापति दिलकुमारी रावल थापाले समग्र स्वास्थ्य क्षेत्रको सुधार गर्दै सुदृढ बनाउनका लागि तीनै तहबीच नीतिगत, कानुनी व्यवस्थामा स्पष्ट हुनुपर्ने बताउनुभयो । उहाँले कानुन निर्माणमा तीनै तहबीच सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो ।

नागरिकलाई स्वास्थ्य सेवामा सहज पहुँच वृद्धि गर्न र विद्यमान स्वास्थ्य प्रणालीको सुधारका लागि मन्त्रालयले तहगतरूपमा समन्वय गरी अघि बढ्न आवश्यक रहेको सभापति थापाले जनाउनुभयो । उहाँले कोभिड सङ्क्रमणकालमा मन्त्रालयले गरेको जनचेतना कार्यक्रम प्रभावकारी भएकाले स्वास्थ्य क्षेत्रमा यस्ता कार्यक्रम आवश्यक रहेको औँलाउनुभयो ।

मन्त्रालयका सचिव देवकुमारी गुरागाईंले स्वास्थ्य क्षेत्रमा सुधारका लागि तीन तहको समन्वयमा कार्ययोजना तयार गरेको बताउँदै विगतको तुलनामा हाल स्वास्थ्य क्षेत्रमा सुधार हुँदैगएको जानकारी दिनुभयो ।

कार्यक्रममा निःशुल्क प्राप्त गर्ने औषधिमा अनुगमन गर्न, सबै सरकारी अस्पतालबाट बीमा सेवा प्राप्त गर्न, सबैको स्वास्थ्य क्षेत्रमा पहुँच पुऱ्याउन, सरकारी अस्पताललाई सुदृढ बनाउन, म्याद नाघेका औषधि बिक्री वितरणमा रोक लगाउने गरी नियमन गर्नेलगायत विषयमा छलफल भएको थियो ।

त्यस्तै आवश्यकता अनुसार कर्मचारी व्यवस्थापन गर्न नीतिगत रुपमा प्रष्ट व्यवस्था गर्न, स्वास्थ्यमा हानीकारक वस्तुबाट उठेको राजस्व स्वास्थ्य क्षेत्रमा नै लगानी गर्नुपर्ने, अस्पतालमा आवश्यक उपकरण उपलब्ध गराउनुपर्ने, जारी गरेको निर्देशन कार्यान्वयनमा अनुगमन गर्नुपर्नेलगायतका विषयमाथि छलफल भएको थियो ।

कार्यक्रममा, सभापति थापाले कोभिड सङ्क्रमणकालमा समितिले दिएका निर्देशन मन्त्रालयले प्रभावकारी ढङ्गले कार्यान्वयन गरेको बताउँदै बिहीबार छलफलमा उठेका विषयमाथि विश्लेषण गरी आवश्यक निर्देशन दिने जानकारी दिनुभयो ।

# असललाई प्रोत्साहन र गलत गर्नेलाई कारबाही गरौँ : सहकारी अभियन्ता

काठमाडौँ, २ चैत (रासस) ।

मुलुकका सहकारी अभियन्ताले अर्थतन्त्रको महत्वपूर्ण खम्बाका रुपमा रहेको तथा स्थापनाको मूल्य मान्यतामा सञ्चालन भइरहेका सहकारी संस्थालाई शङ्काको दृष्टिले नहेर्न सुझाव दिएका छन् ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले बचत तथा ऋण सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्न पहल सुरु गरिसकेको सन्दर्भमा सबै सहकारीलाई एउटै दृष्टिकोणले नहेर्न उहाँहरूले आग्रह गर्नुभएको छ । सहकारीका सन्दर्भमा बुधबार यहाँ आयोजित छलफलमा मन्त्रालयका सचिव डा दामोदर रेग्मीले समस्याग्रस्त सहकारी समाधान समितिलाई समस्याग्रस्त घोषणा गरिएका सहकारी संस्थाबाट बचतकर्ताको रकम शीघ्र फिर्ता गर्ने व्यवस्था मिलाउन निर्देशन भइसकेको बताउनुभयो ।

समितिले यसबीचमा बचतकर्ताको रु ४५ करोड फिर्ता गराइसकेको छ भने एक हजारभन्दा बढी सहकारीको श्रेस्ताको अनुसन्धान गरिरहेको छ । सहकारी विभागले सहकारीको मूल्य मान्यताविपरीत कार्य गर्ने सञ्चालकको राहदानी र बैंक खाता रोक्का गरी बचतकर्ताको बचत फिर्ता गर्ने व्यवस्था मिलाएको सचिव रेग्मीले जानकारी दिनुभयो ।

मन्त्रालयले असल सहकारीलाई प्रोत्साहन गर्ने र गलत कार्य गर्ने सहकारीलाई कारबाहीको दायरामा ल्याउने कार्यमा सहयोग

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपालकै सर्वाधिक धनराशी भएको रियालीटी शो को फिल्ड अडिसन चैत ४ र ५ मा

**दैनिक समाचारदाता**
**काठमाडौं, ३ चैत ।**

इन्टा नेशनल वेलफेयर एण्ड सपोर्ट फाउन्डेसन अफ अमेरिकाको आयोजनामा पहिलो अन्तर्राष्ट्रिय नेपाली रियालिटी शो 'मेरो भ्वाइस युनिभर्स र मेरो डान्स युनिभर्स'को फिल्ड अडिसन यहि चैत्र ४ र ५ गते सामाखुसी कपुरधारा स्थित नवोदित कलेजमा हुँदैछ ।

अडिसन दिन आउँदा प्रतियोगीहरुले आफ्नो उमेर खुलाएको आधिकारिक कागज लिएर आउनु पर्ने हुन्छ । फिल्ड अडिसनबाट चुनिएका प्रतियोगीहरुले काठमान्डौमा आएर स्टुडियो अडिसनमा सहभागी हुनेछन् । डिजिटल अडिसनमा सहभागी भएका प्रतियोगीहरुले पनि अनिवार्य रुपमा फिल्ड अडिसनमा सहभागी जनाउन पर्नेछ ।

इन्टा फाउन्डेसनका अध्यक्ष डिल्ली अधिकारी भन्छन्, "हामी हाम्रो संस्कृति जोगाउन एकजुट




भएर लाग्नुपर्छ । हाम्रो पहिचान नै हाम्रो भाषा, संस्कृति, र दुखमा परेकाहरूलाई मद्दत गर्नुमा छ । फाउन्डेसनको मुख्य उद्देश्य पनि नेपाली मनोरञ्जन क्षेत्रमा सांगीतिक क्रान्ति ल्याउनु हो ।"

'मेरो भ्वाइस युनिभर्स' को निर्णायक मण्डलमा सुरेश अधिकारी, शिव परियार, अन्जु पन्त, सुजाता वर्मा, पुष्पन प्रधान जस्ता वरिष्ठ गायकहरू समावेश छन । त्यस्तै 'मेरो डान्स युनिभर्स' को निर्णायक मण्डलमा भने मिथिला शर्मा, दिलीप रायमाझी, शंकर बि.सी, केकी अधिकारी, प्रियंका कार्की र नरमन राई रहने जनाइएको छ ।

यी दुई शोहरु नेपालको अहिले सम्मकै सर्वाधिक धनराशी भएको रियालीटी शोहरु हुन् । फाउन्डेसनका अनुसार 'मेरो भ्वाइस युनिभर्स' का विजेताले एक करोड नेपाली रुपैयाँ पुरस्कार पाउने छन् । साथै फस्ट रनरअपले ३० लाख नेपाली रुपैयाँ र सेकेन्ड रनरअपले २० लाख नेपाली रुपैयाँ पुरस्कार पाउने छन् ।

यस्तै, 'मेरो डान्स युनिभर्स' को विजेताले पनि एक करोड रुपैयाँ पुरस्कार प्रदान गरिने छ भने फस्ट रनरअपले ३० लाख रुपैयाँ र सेकेन्ड रनरअपले २० लाख रुपैयाँ पुरस्कार पाउने छन् । त्यस्तै डान्स युनिभर्स' को सँस्कृतिक समुह विधाको विजेताले पनि २० लाख रुपैयाँ पुरस्कार प्रदान गरिनेछ । साथै उक्त बिधाका फस्ट रनरअपले १० लाख रुपैयाँ र सेकेन्ड रनरअपले ५ लाख रुपैयाँ पुरस्कार पाउने छन् ।

फाउन्डेसनले नेपालबाहेक, म्यानमार, थाइल्याण्ड, भुटान, भारत, अष्ट्रेलिया, अमेरिका, क्यानडा लगायत युरेपेली देशहरुबाट पनि नेपाली भाषीहरुको बृहत सहभागिताको अपेक्षा राखेको छ ।

# नेपाल विश्वकप छनोटमा प्रवेश

काठमाडौं, २ चैत (रासस) ।

आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत त्रिदेशीय एकदिवसीय शृङ्खलाको अन्तिम खेलमा नेपालले संयुक्त अरब इमिरेट्स (युएई) लाई पराजित गर्दै जिम्बावेमा आयोजना हुने विश्वकप छनोटको यात्रा तय गरेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बिहीबार भएको खेलमा नेपालले डकवर्थ लेविस पद्धतिका आधारमा युएईलाई नौ रनले हराउँदै आगामी जुन-जुलाइमा जिम्बावेमा आयोजना हुने एकदिवसीय विश्वकप छनोटको यात्रा तय गरेको हो । यो जितसँगै नेपाल ४० अङ्कका साथ लिग-२ को तेस्रो स्थानमा उक्लियो र जिम्बावेको यात्रा तय गर्न सफल भयो ।

युएईले दिएको तीन सय ११ रनको लक्ष्यसहित जवाफी ब्याटिङमा उत्रेको नेपालले खराब प्रकाशको कारण खेल रोकिँदा डकवर्थ लेविस पद्धतिका आधारमा जित हासिल गरेको हो ।

खेल रोकिनुअघि नेपालले ४४ ओभरमा छ विकेट गुमाएर दुई सय ६९ रन बनाएको थियो । नेपालका लागि कुशल भुर्तेल, आरिफ शेख, भीम सार्की र गुलशन झाले अर्धशतकीय इनिङ खेले । कुशलले ५० रन बनाए भने आरिफले ५२ रन तथा भीमले ६७ रनको योगदान दिए । गुलशन ५० रनमा अविजित रहे ।

त्यसैगरी कप्तान रोहित पौडेल १६ रनमा आउट हुँदा कुशल मल्लले पाँच रन जोडे । दीपेन्द्रसिंह ऐरी १० रनमा अविजित रहे । युएईका जुनेद सिद्दिकीले तीन विकेट लिए । त्यस्तै आयान अफजल खानले दुई तथा जाहोर खानले एक विकेट झारे ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको युएईले निर्धारित ५० ओभरमा छ विकेट गुमाएर तीन सय १० रन बनाएको थियो । युएईका लागि आसिफ खानले शतकीय इनिङ खेले । विस्फोटक ब्याटिङ गरेका उनले ४२ बलमा ११ छक्का र चार चौकासहित अविजित एक सय एक रन बनाए ।

यस्तै वृत्य अरविन्दले ९४ रनको अर्धशतकीय इनिङ खेल्दा कप्तान मुहमद वासिमले ६३ रन बनाए । त्यसैगरी रोहन मुस्तफा २०, सिपी रिजवान सात, आर्यन लाक्रा छ र आयन अफजल खान तीन रनमा आउट भए ।


नेपालका दीपेन्द्रसिंह ऐरीले दुई विकेट लिए । ललित राजवंशी, सन्दीप लामिछाने र सोमपाल कामीले समान एक-एक लिए ।

### *असललाई प्रोत्साहन र...*

गर्न सचिव रेग्मीले सहकारी महासङ्घका पदाधिकारीसँग आग्रह गर्नुभएको छ । मन्त्रालयले सबै जिल्ला सङ्घलाई यस्तो भूमिका निभाउन आग्रह गर्दै सहकारी महासङ्घमार्फत निर्देशन पठाइसकेको छ ।

महासङ्घका अध्यक्ष मीनराज कँडेलले गलत गर्ने सहकारीलाई कुनै पनि जिल्लाका पदाधिकारीले प्रोत्साहन नगर्न र यसमा सचेत हुन सबै सञ्चालकलाई सुझाव दिनुभयो । सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहालले समस्यामा परेका बचतकर्ताको समस्या सुन्न र समस्या समाधान गरिदिने निकाय देशमा रहेकाले आशाको सञ्चारको सन्देश प्रवाह गर्न ध्यानाकर्षण गराउनुभयो ।

विभागका रजिष्ट्रार नमराज घिमिरेले गलत कार्य गर्ने सहकारीलाई कारबाहीको दायरामा ल्याउन विभाग सक्रिय रहेको जानकारी दिनुभयो । कार्यक्रमका अन्य सहभागी वक्ताले सहकारी अभियान गलत नभएकाले केही सञ्चालकको गलत क्रियाकलापबाट उत्पन्न समस्यालाई समाधान गर्न सबै सरोकारवालाको सामूहिक प्रतिबद्धता आवश्यक रहेको सुझाव दिए ।



**राजबिराज नगरपालिका**
**१ नं.वडा कार्यालय**
**राजबिराज,सप्तरी**
**मधेश प्रदेश नेपाल**

प.स. २०७९/०८०
च.न. [illegible]

मिती :- [illegible]

विषय:- सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं. [illegible] हाल १ बस्ने [illegible] ........ तपसिलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउं भनि मिति [illegible] गते मा द.न. [illegible] को निवेदन दिएको हुदाँ सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

तमसिल

जिल्ला सप्तरी रा.बि.न.पा.बा.नं. [illegible] बस्ने श्री [illegible] नाउ दर्ताको जग्गा

[illegible]

वन्द शेखर चौधरी
वडा अध्यक्ष
रा.बि.न.पा.वडा नं.१

# विश्व समाचार

## 'आर्थिक समस्याका कारण चीनसँग कूटनीतिक सम्बन्ध स्थापना'

तेगुसिगल्पा, २ चैत (रासस/एएफपी) ।

देशको बढ्दो आर्थिक समस्याका कारण चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गर्नुपर्ने बाध्यात्मक परिस्थिति उत्पन्न भएको होन्डुरसका एक जना वरिष्ठ कूटनीतिज्ञले बताएका छन् । विदेशमन्त्री एडुआर्डो रेनाले देशको आर्थिक आवश्यकता तथा ताइवानले आर्थिक सहायता बढाउन अस्वीकार गरेपछि चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने निर्णयमा सरकार पुगेको बताउनुभएको हो ।

बेइजिङसँग सम्बन्ध जोड्ने निर्णयसँगै मध्यअमेरिकी राष्ट्र होन्डुरसले ताइवानसँगको ८० वर्षभन्दा लामो समयदेखिको कूटनीतिक सम्बन्ध तोड्ने छ । विदेशमन्त्री रेनाले ताइवानले वार्षिक रूपमा प्रदान गर्दै आएको पाँच करोड डलर अनुदानलाई एक वर्ष १० करोड गर्न तथा तिर्न बाँकी रहेको ६० करोड डलर सहुलियत ऋण पुनःसंरचनाका निम्ति गरेको आग्रहप्रति सकारात्मक जवाफ नदिएको बताउनुभयो ।

होन्डुरसका जनताको आवश्यकतालाई ध्यानमा राख्दै थप महत्त्वपूर्ण सम्बन्ध प्रस्ताव गरिएको तर ताइवानले त्यसलाई अस्वीकार गरेको उहाँको कथन थियो । मध्यअमेरिकी राष्ट्र होन्डुरस यो क्षेत्रको सबैभन्दा निर्धन मुलुक हो । एक करोड जनसङ्ख्या भएको होन्डुरसमका करिब ७४ लाख जनता गरिबीको चपेटाबाट मुक्त हुन सकेका छैनन् ।

होन्डुरसको चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने निर्णय सार्वजनिक हुनेवित्तिकै बेइजिङले त्यसको स्वागत गरेको थियो । बुधबार बेइजिङमा भएको नियमित पत्रकार सम्मेलनमा विदेश मन्त्रालयका प्रवक्ता वाङ विनले एक चीन सिद्धान्तका आधारमा होन्डुरससहित विश्वका अन्य देशसँग मैत्री एवम् सहयोगात्मक सम्बन्ध विकास गर्न बेइजिङ सधैं इच्छुक रहेको बताएका थिए ।

## इरानमा शरण लिएका पाँच हजार अफगानी स्वदेश फर्किए

काबुल, २ चैत (रासस/सिन्ह्वा) ।

इरानमा शरणार्थी जीवन बिताइरहेका करिब पाँच हजार अफगान नागरिक स्वदेश फर्केका छन् । अफगानिस्तानको शरणार्थी तथा स्वदेश फिर्ता मामिला मन्त्रालयले इरानबाट बिहीबार चार हजार नौ सय ८६ जना अफगानी स्वदेश फर्केका जनाएको हो ।

उक्त मन्त्रालयले जारी गरेको विज्ञप्तिअनुसार विदेशम शरण लिएका अफगान नागरिकको स्वदेश फिर्तीको क्रम जारी छ । बितेका छ महिनामा इरानबाट दुई लाख ८० हजारभन्दा बढी शरणार्थी घर फर्केका छन् । पच्चीस लाखभन्दा बढी अफगानी इरानमा शरण लिएर बसेका छन् भने त्यति नै सङ्ख्यामा अफगान नागरिक पाकिस्तानमा रहेका बताइएको छ ।

अफगानिस्तानको कामचलाउ सरकारले विदेशमा रहेका आफ्ना नागरिकलाई स्वदेश फर्कन आह्वान गरिरहेको छ । देशको शासन सम्हालेपछि तालिवान सरकारले मातृभूमिको सेवामा आउन उनीहरूलाई आग्रह पनि गर्दै आएको छ ।

## जियानी इन्फान्टिनो फिफा अध्यक्षमा निर्वाचित

किगाली, २ चैत (रासस/एएफपी) ।

अन्तर्राष्ट्रिय फुटवल महासङ्घ (फिफा)को अध्यक्षमा जियानी इन्फान्टिनो पुनः निर्वाचित भएका छन् । पेशाले वकिल उनी स्विस नागरिक हुन् । विश्व फुटबलको प्रशासकीय निकाय फिफाको अध्यक्षमा इन्फान्टिनो निर्विरोध निर्वाचित भएका हुन् । बिहीबार यहाँ भएको फिफाको महाधिवेशनले उनलाई सन् २०२७ सम्मका लागि पुनः चयन गरेको हो ।

फिफाको विधानअनुसार अध्यक्षको अधिकतम तीन कार्यकाल हुन्छ । हरेक कार्यकाल चार वर्षको हुन्छ तर उनले गत डिसेम्बरमा आफ्नो पहिलो तीन वर्षको कार्यकाललाई पूर्णकार्यकालका रूपमा गणना गर्न नहुने तर्क गर्दै सन् २०३१ सम्म पदमा रहनसक्ने बताएका छन् ।

गत वर्ष विश्वकप फुटवल प्रतियोगिता आयोजना गर्ने सिलसिलामा कतारले प्रवासी कामदार, महिला र अल्पसङ्ख्यकका अधिकार रक्षामा बेवास्ता गरेको उनीहरूमाथि असल व्यवहार नगरेको आलोचनाको डटेर प्रतिरक्षा गरेका इन्फान्टिनोले महिला तथा पुरुष विश्वकप फुटबल प्रतियोगिताको विस्तारका साथै फिफाको आय वृद्धिमा उल्लेखनीय योगदान गरेका छन् ।

इन्फान्टिनो नेतृत्वको फिफाले सन् २०२६ मा पुरुष विश्वकप प्रतियोगिता संयुक्त राज्य अमेरिकामा आयोजना गर्नेछ । यसअघि ३२ टोलीले स्पर्धा गरेको विश्वकपमा अब ४८ समूहले प्रतिस्पर्धा गर्नेछन् । यो वर्षको अन्त्यमा अष्ट्रेलिया र न्युजिल्याण्डमा पहिलोपटक महिला विश्वकप फुटबल प्रतियोगिता हुनेछ । प्रतियोगितामा ३२ टोली भिड्ने छन् ।

इन्फान्टिनो नेतृत्वको फिफाले अघिल्लो कार्यकालमा करिब पाँच अर्ब अमेरिकी डलर आम्दानी गरेको थियो भने अबको चार वर्षमा त्यसलाई ११ अर्ब डलर पुऱ्याउने लक्ष्य निर्धारण गरेको छ ।

भ्रष्टाचारमा मुछिएपछि पदमुक्त भएका फिफाका तत्कालीन अध्यक्ष सेप ब्लाटरका उत्तराधिकारी ५२ वर्षीय इन्फान्टिनो सन् २०१६मा फिफा अध्यक्ष भएका थिए । फिफा अध्यक्षका रूपमा अब उनले तेस्रो कार्यकाल विश्व फुटबलको उन्नयनमा बिताउने छन् ।

अध्यक्ष इन्फान्टिनोले फिफालाई विश्वसनीय, भरपर्दो, आधुनिक, व्यावसायिक एवम् जवाफदेही सङ्गठनका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । सङ्गठन सुधार तथा फुटबलका प्रमुख प्रतियोगिताहरूमा विश्वव्यापी सहभागिता बढाउने तथा फुटबलको विकासमा लगानी अभिवृद्धि गर्ने प्रण पनि उनले गरेका छन् ।

# सप्ताहब्यापी सरसफाई अभियान सुरु



**दैनिक समाचारदाता**
**राजविराज, २ चैत ।**

समाजिक गतिविधी गर्दै आएको असहाय संरक्षण मञ्च सप्तरीको अगुवाईमा विहिवारदेखि सप्ताहब्यापी सरसफाई अभियान सुरु भएको छ ।

अभियानको पहिलो दिन राजविराजस्थित गजेन्द्र चौकको सरसफाई गरिएको छ । चोकमा रहेको स्व. गजेन्द्र नारायण सिंहको स्मारक स्थल तथा आसपासको क्षेत्र सरसफाई गरी अभियानको शुरुवात गरिएको छ ।

मञ्चकी जिल्ला संयोजक रमिला साहको अगुवाईमा सूरु भएको अभियानको पहिलो दिन मञ्चका केन्द्रिय अध्यक्ष बैद्यनाथ साह, प्रदेश सभासदस्य किरण कुमारी साह, ज्येष्ठ नागरिक संघ मधेश प्रदेशका अध्यक्ष शंकर शारदा, समाजसेवी अनिल पेडिवाल, राजनीतिकर्मी दिपेन्द्र चौधरी, अमरनाथ मण्डल, अशोक यादव, गिता यादव लगायतले हातमा कुचो बोक्दै सरसफाईमा साथ दिएका थिए ।

# सडक दुर्घटनामा ६ जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २ चैत ।**

सप्तरीको विभिन्न स्थानमा बिहीबार भएको सवारी दुर्घटनामा परि ६ जना घाइते भएका छन् ।

जिल्लाको कंचनरुप नगरपालिका बिष्णु मन्दिरस्थित पुर्व पश्चिम लोक मार्गमा पश्चिमबाट पुर्वतर्फ आउदै गरेको ना.३३प.९४५८ नं. को स्कुटीले बाटो काट्ने क्रममा एक पैदल यात्रीलाई ठक्कर दिएको छ । सो दुर्घटनामा स्कुटी चालक पनि भाइते भएका छन् ।

ठक्करबाट सो नगरपालिका वडा नं. ८ बस्ने ५० वर्षिया पैदल यात्री सोशिला श्रेष्ठ घाइते भएको प्रहरीले जनाएको छ । उनको मुख, बायाँ खुट्टा र दाहिने हातमा चोट लागेकोले उपचारका लागि धर्मेश्वर अस्पताल ठेलिया भर्ना गरिएको छ ।

यस्तै स्कुटी चालक मोरङको रतुवामाई ५ बस्ने २५ वर्षिय बलिराम राजवंशीको निधारमा चोट लागेकोले उनको एमडिएस अस्पतालमा उपचार भईरहेको प्रहरीले जनाएको छ ।

यसैगरि बिहीबारै राजविराज १६ बोरिया पेट्रोल पम्पस्थित सडक खण्डमा सखडाबाट राजविराजतर्फ आउदै गरेको मधेश प्र.०६-००१-०३३४ नम्बरको मोटरसाइकल र सोही सडक खण्डमा बिपरित दिशाबाट जादै गरेको स.५प.२७३९ नम्बरको मोटरसाइकल एक आपसमा ठोकिएको छ ।

सो दुर्घटनामा मधेश प्र. ०६-००१-०३३४ मा सवार राजगढ ७ फकिर इनर्वा निवासी ताज महमदको निधारमा र दाहिने खुट्टामा चोट लागेको तथा सोहि मोटरसाइकल पछाडी सवार उनको पत्नी मोरिया खातुनको दाहिने हात र दाहिने आँखामा घाउ भएको प्रहरीले जनाएको छ ।

यस्तै स.५प.२७३९ नम्बरको मोटरसाइकलमा सवार बिष्णुपुर ७ बस्ने लक्ष्मी मंडलको दाहिने हात र दाहिने खुट्टामा चोट लागेको तथा सोही मोटरसाइकल पछाडी सवार हनुमाननगर कंकालिनी ४ मधवापुर बस्ने सन्तोष मंडलको दाहिने हात र अनुहारमा चोट लगेको प्रहरीले जनाएको छ ।

घाइते सबैको छिन्नमस्ता अस्पताल राजविराजमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# मञ्जु अन्सारीलाई सांसद बनाउने जसपाको निर्णय

काठमाडौं, २ चैत (रासस) ।

जनता समाजवादी पार्टी, नेपालले मञ्जु अन्सारीलाई प्रतिनिधिसभा सदस्य बनाउने निर्णय गरेको छ ।

बिहीबार बसेको पार्टीको कार्यकारिणी समिति बैठकले अन्सारीलाई सांसद बनाउने निर्णय गरेको पार्टी प्रवक्ता मनिष सुमन जानकारी दिनुभयो ।

पार्टीका तर्फबाट समानुपातिक सांसद शहनाज रहमानको निधन भएपछि प्रतिनिधिसभातर्फको एक स्थान खाली थियो । रिक्त पदमा मुस्लिम कल्सटरको दोस्रो स्थानमा रहनुभएकी अन्सारीलाई सांसद बनाउन सिफारिस गर्ने पार्टीले निर्णय गरेको हो ।

# निर्वाचन आयोगको ध्यानाकर्षण

काठमाडौं, २ चैत (रासस) ।

निर्वाचन आयोगले यही चैत ३ गते हुने उपराष्ट्रपति पदको निर्वाचनका लागि प्रचारप्रसार निषेधका अवधिमा राजनीतिक दलको बैठकबाट उम्मेदवारलाई मत दिने वा नदिने निर्णय नगर्न/नगराउन ध्यानाकर्षण गराएको छ ।

उम्मेदवारका सम्बन्धमा कतिपय राजनीतिक दलका बैठक र त्यससँग सम्बन्धित सार्वजनिक अभिव्यक्ति आएका सन्दर्भमा बिहीबार आयोगले प्रेस विज्ञप्ति जारी गरी सो ध्यानाकर्षण गराएको हो । आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न मतदान हुने दिनको ४८ घण्टा अघिदेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुञ्जेलसम्म प्रचारप्रसार निषेधको अवधि लागु भइरहेको विज्ञप्ति मार्फत स्मरण गराएको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा बिहीबार जारी विज्ञप्तिमा यस अवधिमा निर्वाचन प्रचारप्रसार लगायत कुनै पनि प्रकारका बैठक, छलफल, अन्तर्क्रिया, सभा गर्न नपाइने उल्लेख छ ।

यसैगरी सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न, उम्मेदवाको पक्ष वा विपक्षमा कुनै पनि प्रकारको प्रचारप्रसार गर्न, मत माग्न, एसएमएस, फेसबुक, भाइबरजस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालबाट मत माग्न, आचारसंहिता विपरीत वक्तव्य दिन, प्रेस विज्ञप्ति निकाल्न, प्रकाशन तथा प्रसारण गर्न नपाइने विज्ञप्तिमा उल्लेख गरिएको छ ।

आयोगले मतदानमा सहभागी भई स्वविवेक प्रयोग गरी मतदान गर्न निर्वाचक मण्डलका सदस्यहरुलाई आग्रह गरेको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
कंचनरुप नगरपालिका, सप्तरी

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोढुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

➢ विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण आचारसंहिता, २०७९ को पालना गरौं ।
➢ विज्ञापन व्यवसायलाई स्वच्छ र पारदर्शी बनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np